का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक १५५
❑ ५ साउन २०७८, मंगलबार
❑ 20 July 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक



पवित्र तीर्थस्थल देवघाटधाममा स्थानपश्चात् नारायणी नदीकिनारमा रहेको शिवलिङ्गमा बेलपत्र चढाउँदै तीर्थालु । तस्वीरः टेकराज पोखरेल

## नेपालमा ६५ लाख खोप आयो, थप आउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन ।

गएको माघ यता नेपालमा कोरोना विरुद्धको ६५ लाख बढी खोप आइसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार, अहिलेसम्म ६५ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ । त्यस मध्ये २९ लाख ९९ हजार २१४ पहिलो मात्रा र ११ लाख २ ९ हजार ९०८ दोस्रो मात्रा खोप लगाइसकिएको छ ।

सोमबार देखि राजधानी उपत्यकामा 'जोन्सन एण्ड जोन्सन' खोप समेत लगाउन शुरु गरिएको छ । त्यसका लागि काठमाडौँ महानगरपालिकाले २८ खोप केन्द्र तोकेको छ । ६ साउनसम्म यो खोप ५० देखि ५४ वर्ष उमेर समूहका व्यक्ति, पूर्ण र अति अशक्त अपांगता भएकालाई वितरण गरिनेछ । कामपाले यसपटक करीब ७६ हजार मात्रा खोप माग गरेको छ । सरकारले खोपका लागि तोकेका समूहको संख्यालाई २०६८ को जनगणना र जनसंख्या वृद्धि दरका आधारमा विश्लेषण गरेर यो संख्यामा खोप मागेको जनस्वास्थ्य विभागका प्रमुख हरिबहादुर कुँवरको भनाइ छ ।

जोन्सन एण्ड जोन्सन खोप अमेरिकी सरकारबाट सहयोगस्वरुप प्राप्त भएको हो । खोप केन्द्र वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज, निजामती कर्मचारी अस्पताल, बानेश्वर, शुक्रराज ट्रपिकल



तथा सरुवा रोग अस्पताल टेकु, परोपकार स्त्री तथा प्रसूति रोग अस्पताल, काठमाडौँ मेडिकल कलेज, नेपाल प्रहरी अस्पताल

> विभिन्न देशले अनुदानमा दिएको र नेपालले खरीद गरेको सहित अहिलेसम्म ६५ लाख खोप आइसकेको सरकारले जनाएको छ ।

पानीपोखरी, वीरेन्द्र सैनिक अस्पताल छाउनी, पिपल्स डेण्टल तथा जनरल अस्पताल सोह्रखुट्टे, हिमाल अस्पताल ज्ञानेश्वर, सामुदायिक स्वास्थ्यसेवा परिषद डल्लु, छत्रपाटी निःशुल्क चिकित्सालय छत्रपाटी र जनमैत्री अस्पताल बालाजुमा तोकिएको छ ।

त्यसैगरी मनमोहन अस्पताल स्वयम्भू, काठमाडौँ मोडल अस्पताल प्रदर्शनी मार्ग, ह्याम्स हस्पिटल एण्ड रिसर्च सेन्टर धुम्बाराही, शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारी, नेशनल हस्पिटल कलङ्की, रामघाट प्राथमिक स्वास्थ्य केन्द्र गौशाला, कान्तिपुर अस्पताल तीनकुने, राधास्वामी आइसोलेशन सेन्टर बसुन्धरा र जनकल्याण माध्यमिक विद्यालयमा केन्द्र तोकिएको छ ।

नरदेवी आयुर्वेद अस्पताल नरदेवी, महेन्द्रनारायणनिधि अस्पताल बसुन्धरा, नेपाल भारत मैत्री अस्पताल चावहिल, मेट्रो अस्पताल नारायण गोपाल चोक, इरा इन्टरनेशनल अस्पताल सोह्रखुट्टे र हेल्पिङ् ह्याण्ड्स अस्पताल चावहिलमा केन्द्र रहेको छ । कामपाले हालसम्म सात प्रतिशत नागरिकलाई कोरोनाविरुद्धको पूर्ण खोप लगाएको छ भने १६ प्रतिशत नागरिकले एक मात्रा मात्र खोप लगाएका छन् ।

सोमबार खोप प्रधानमन्त्री शेरबहादुर देउवाले बाँकी पृष्ठ २ मा

### ओलीको संकेत

## माधव नेपाल बिनाको एमाले

प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिने २२ सांसदलाई २४ घण्टे स्पष्टिकरण सोध्ने नेकपा एमालेले निर्णय गरेको छ । बरिष्ठ नेता माधवकुमार नेपाल सहित २२ सांसदले प्रधानमन्त्री देउवालाई विश्वासको मत दिएका थिए ।



ललितपुरको तुल्सीलाल स्मृति प्रतिष्ठानमा सोमबार बसेको नेपाल कम्युनिष्ट पार्टी एमालेको दशौं केन्द्रीय कमिटी बैठक । तस्बिर : चन्द्रकला क्षेत्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बरिष्ठ नेता माधवकुमार नेपाललाई गद्दारको आरोप लगाएका छन् । ललितपुरको च्यासलमा सोमबार शुरु भएको केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले गल्ती गर्नेलाई कारबाही नगरे पार्टी बजारमा परिणत हुने बताए ।

"देउवालाई विश्वासको मत दिनु अपराध हो, असोभनीय र चरम अनैतिक हो । यस्ता व्यक्ति पार्टीमा रहन सक्दैनन्", ओलीले भने । झण्डै एक घण्टा सम्बोधन गरेका ओलीले माधव नेपाल बाहेक अन्य नेताहरु भने पार्टीमा फर्कन सक्ने बताएका थिए । पार्टी एकताको पक्षमा आफू रहेको र दशौं केन्द्रीय कमिटी बैठक बोलाएको उनले बताए ।

गएको १८ असारमा १३औं केन्द्रीय कमिटी बैठक राखेका ओलीले सोमबारको बाँकी पृष्ठ २ मा

## मत दिन मात्रै मिलेको जसपा

**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिन एक भएको जनता समाजवादी पार्टी (जसपा) आन्तरिक रुपमा भने विभाजनको नजिक छ । निर्वाचन आयोगले विभाजनको वैधानिक प्रक्रिया अगाडि बढाएको छ । तर आइतवार नेपाली काँग्रेसका सभापति रहेका प्रधानमन्त्री शेरबहादुर देउवालाई दुवै पक्षले विश्वासको मत दिएका थिए ।

देउवालाई जसपाका सवै (३२ सांसद) ले मत दिएपनि आन्तरिक रुपमा भने सांसदहरु तानातानको अवस्थामा छ । प्रतिनिधिसभाको आइतबारको बैठक सम्बोधन गर्दै जसपाका नेता डा.बाबुराम भट्टराईले आफ्नो पक्षमा २० सांसद रहेको दावी गरे । त्यसअगाडिका बैठकहरुमा भने प्रतिनिधिसभा १७ सांसदले साथ दिएको प्रचार गरिएको थियो । कार्यकारिणी समितिमा बहुमतमा रहेको उपेन्द्र यादव र भट्टराईको पक्षमा पछिल्लो समय सांसदहरु पनि बढेको दावी गरेका छन् । राष्ट्रियसभाका तीन मध्ये दुई जना यादव पक्षले दावी गरेका छन् । यो पक्षले पार्टीको कार्यकारिणी समिति, प्रतिनिधिसभा र राष्ट्रिय सभामा प्रष्ट बहुमत रहेको दावी गरेका छन् । तर देउवालाई विश्वासको मत दिने अन्तिम समयमा अर्का अध्यक्ष महन्थ ठाकुर पक्षले पनि समर्थन गरेपछि जसपाको सांसदहरुको समीकरण प्रष्ट हुन सकेन ।

निवर्तमान प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई साथ दिएका ठाकुर पक्षसँग ७ जेठमा भने २० सांसद उभिएका थिए । त्यस मध्ये एघार जना मन्त्री बनेका थिए । तर ८ असारमा सर्वोच्च अदालतले सवैलाई पदमुक्त गरेको थियो । त्यसपछि विघटित संसद् पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गरेपछि भने ठाकुर पक्ष भन्दा यादव पक्ष बलियो भएको दावी गरिएको छ ।

संसद् विघटन हुने बेला देउवालाई प्रधानमन्त्री बनाउन भने यादव सहित १२ जनाले मात्रै हस्ताक्षर बुझाएका थिए । सर्वोच्च अदालतमा दायर रिटमा पनि यादव पक्षसँग १२ सांसद मात्रै थियो । अहिले देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिंदा जसपा एक ठाउँ उभिएपनि यसको अन्तर्य भने विभाजन अगाडि अल्पमत देखिन नचाहने ठाकुर पक्षको चलाखी भएको नेताहरुले बताएका छन् ।

## खोप नपाउँदा विदेश जाने कामदारलाई तनाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

वैदेशिक रोजगारीमा जाने कामदारहरुका लागि सरकारले पर्याप्त खोप उपलब्ध गराउन नसक्दा धेरै कामदार तनावमा देखिएका छन् । सरकारले वैदेशिक रोजगारीमा जाने कामदारको भिसा र श्रम स्वीकृतिका आधारमा सोमबार राजधानीका विभिन्न स्थानबाट जोन्सन एण्ड जोन्सनको खोप दिने भनेपनि करिब तीन घण्टामा खोप सकिएपछि खोप लगाएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा रहेका कामदार तनावमा परेका हुन् ।

सरकारले सोमबार विहान दश बजेबाट राजधानीको बाँसवारीस्थित गंगालाल अस्पतालबाट वैदेशिक रोजगारीका जाने कामदारलाई खोप दिएपनि करिब साढे दुई घण्टापछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन भन्दै खोप रोकिएको थियो । पोखरामा खोप शुरु नै नगरिएको बताइएको छ ।

वैदेशिक रोजगारीमा जानेहरुको खोप अचानक रोकिएपछि धेरैले सरकारी कदमको आलोचना गरेका छन् । स्वास्थ्य मन्त्रालयले दिउँसो दुई बजेतिर कोभिड-१९ खोप सम्बन्धी अत्यन्तै जरुरी सूचना जारी गर्दै जोन्सन एण्ड जोन्सन खोप अनिवार्य गरिएका राष्ट्रमा जानेहरुलाई सोही खोप प्रदान गरिने भन्दै खोप लगाउन खोप केन्द्रमा जाँदा भिसा लगाएको पासपोर्टसँगै लिएर जान भनेको छ ।

त्यसअघि सोमबार विहान प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी सरकारले प्रदान गरेको जोन्सन एण्ड जोन्सनको खोप राजधानीको जोरपाटी अपाङ्ग अस्पतालबाट लगाउन शुभारम्भ गरेका थिए । उक्त क्रममा पनि मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारहरुले जोन्सन एण्ड जोन्सन खोप पाउने बताएको थियो ।

### वैदेशिक रोजगार विशेष

### जापान पठाउने भन्दै लाखौं ठग्ने चार जना पक्राउ

**काठमाडौं/मस**–आकर्षक तलव सहितको वैदेशिक रोजगारीका लागि जापान पठाई दिने भन्दै लाखौ रकम ठगी गरेको आरोपमा प्रहरीले काठमाण्डौबाट चार जनालाई पक्राउ गरेको छ । जापान पठाइदिने भुटो प्रलोभन दिएर विभिन्न बैंकमा रहेका बैक खातामा ३९ लाख ६८ हजार रुपियाँ जम्मा गर्न लगाएर ठगी गरेको महानगरीय अपराध महाशाखाको विशेष टोलीले पक्राउ गरेको हो ।

मकवानपुर हेटौंडा उपमहानगरपालिका पदमपोखरीका शुभद्रा परियार, ईलामको सुर्योदय नगरपालिकाकी पुजा राई, सिन्धुपाल्चोक बाह्रबिसेका राजेन्द्र ढकाल र भक्तपुर चाँगुनारायण नगरपालिकाकी दीपिका केसीलाई पक्राउ परेको प्रहरीले बताएको छ ।रकम जम्मा गर्न लगाएपछि उनीहरु सम्पर्कविहीन भएका थिए ।

प्रहरीले सामजिक संजाल फेसबुकमा तानाकायोका नाम प्रयोगगरी जापानको नागरिक हो भन्दै चिनजान गरी जापान जान वर्किङ भिसा प्रक्रियाको लागि रकम पठाएको प्रहरीले बताएको छ । आफ्नो फेसबुकमार्फत सम्पर्कमा आएका ब्यक्तिहरुलाई उनीहरुले आफु जापानको अध्यागमनको कर्मचारी भएको बताउने गरेको प्रहरीले जनाएको छ । उनीहरुलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर, काठमाडौले जिल्ला अदालत काठमाडौंबाट अनुमति लिई थुनामा राखेको बताएको छ ।

### कोरोना कालमा पाँच लाख नेपाली फर्किए

**काठमाडौं/मस**– कोभिड १९ को संक्रमणपछि हालसम्म विभिन्न देशबाट करिब पाँच लाख नेपाली स्वदेश फर्किएका छन् । कोभिड १९ संक्रमण व्यवस्थापन केन्द्र (सिसिएमसी)ले साउन ३ गतेसम्म ४ लाख ८४ हजार ३ सय ९२ जना नेपाली नागरिक स्वदेश फर्केको बताएको छ ।

सबैभन्दा धेरै यूएईबाट नेपाली स्वदेश फर्केका छन् । उक्त मुलुकबाट १ लाख ४५ हजार ८ सय ५२ जना, कतारबाट १ लाख १५ हजार ४ सय १२ जना, मलेसियाबाट ५१ हजार ६९ जना र साउदी अरबबाट ४४ हजार ६ सय ७२ जना नेपाली स्वादेश फर्किएका छन् । उनीहरुमध्ये अधिकांश वैदेशिक रोजगारी ा गएका कामदार हुन् ।

यस अवधिमा कुवेतबाट २४ हजार ८ सय बाँकी पृष्ठ २ मा

म्यानपावर विक्रिमा

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, साउदी ID भएको मेनपावर विक्रिमा भएकोले लिन ईच्छुक व्यक्तिहरुले तु–सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८१८०८९२१०

तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Accountant - 1 Male/Female
Documentation - 2 Male/Female
Receptionist- 2 Female
PRO- 5 Male/Female
Kitchen Helper- 1 Female

तलब आपसी सहमतिमा

सम्वन्धित काममा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।

सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
बसुन्धारा-३, काठमाडौ, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

# हरिशयनी एकादशी मनाइँदै




**काठमाडौं/मस**–प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन घर घरमा तुलसीको बिरुवा सारि चार महिनासम्म गरिने विशेष पूजा आराधना मंगलबारदेखि शुरु हुँदैछ। एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घर घरको तुलसी मोठमा राखिएको दलको बिरुवा आज मोठमा सारिन्छ। सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रुपमा मानिन्छ। आजदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा हुन्छ।

आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्नुहुने भएकाले आजको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउँछन्। भगवान् विष्णु शयन गर्ने चार महिनालाई चतुर्मासा पनि भनिन्छ।

एक वर्षमा २४ एकादशी पर्छन्। सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर व्रत बस्छन्। नसक्नेले चतुर्मासाका चार महिनामा पर्ने आठ एकादशीमा व्रत गर्छन्। कामकाजमा सक्रिय हुनुपर्ने र चार महिनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन्। हरिशयनी एकादशीका अवसरमा आज बिहानैदेखि राजधानीको बूढानीलकण्ठ, उपत्यकाका चार नारायणलगायत देशभरका नारायण एवं विष्णु मन्दिरमा भक्तजनको भीड लाग्ने गरेकामा कोरोनाका कारण मन्दिर बन्द गरिएको छ। भगवान् नारायणका मुख्य मुख्य मन्दिर बन्द गरिएपनि विभिन्न स्थानमा छरिएर रहेको मन्दिरमा भने भक्तजनको भीड लाग्छ।

कोरोना जोखिमका कारण मानिस मन्दिर जान सक्ने अवस्था नभएपनि कतिपय स्थानमा दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर भक्तजन जम्मा हुन्छन्। धेरैजसो मन्दिर पनि आम मानिसलाई दर्शन एवं पूजा आजाका लागि बन्द गरिएको छ। ती मन्दिरमा नित्य पूजा आराधना मात्र हुने गरेको छ। एकादशीका दिन विशेष गरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिँडो लगायत फलाहार गर्ने गरिन्छ।

वैज्ञानिक रुपमा पनि बढी अक्सिजन पाइने प्रमाणित भएको तुलसी विभिन्न रोगका लागि औषधिका रुपमा प्रयोग गरिन्छ। तुलसीको मोठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वास गरिन्छ। वास्तु दोष भएका स्थानमा तुलसीको मोठ राख्नाले सकारात्मक फल प्राप्त हुने मान्यता छ। तुलसी भएका स्थानमा शुद्ध हावा बहने तथ्य वैज्ञानिक रुपमा पुष्टि भएको छ।

चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ। तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्निस्थापना विधिबाट चतुर्मासा व्रतको उद्यापनका लागि हवनसमेत गरिन्छ।

कोरोनाबाट बच्न मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्न पनि तुलसीलगायत जडिबुटीले काम गर्ने जनाइएको छ। गत वर्षदेखि सिंहदरबार वैद्यखाना विकास समितिले बनाएको तुलसी चियाको माग बजार बढेको छ। यी तथ्यले तुलसीको महत्व स्पष्ट पार्छ।

# हेलम्बुका बाढी प्रभावितलाई ८० बण्डल जस्ता सहयोग

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ४ साउन




सिन्धुप्ल्चोकको हेलम्बु गाउँपालिका बाढी प्रभावितलाई ८० बण्डल जस्ता सहयोग गरिएको छ। असार १ गते आएको मेलम्ची खोलाको बाढीबाट प्रभावित १६ घरधुरीलाई प्रति घरधुरी पाँच बण्डलका दरले हुने गरि अस्थायी बसोबासका लागि उक्त जस्ता पालिकालाई हस्तान्तरण गरिएको हो।

टियर फण्ड नेपालको सहयोग र दयाका हातहरु नेपालको साझेदारीमा उक्त सामग्री प्रदान गरिएको हो। आइतबार संस्थाका कार्यक्रम व्यवस्थापक लोक बहादुर चौधरी र प्रशासन तथा वित्तीय व्यवस्थापक अरुण देवानले उक्त सामग्री गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ज्ञानेन्द्र सिग्देललाई हस्तान्तरण गरे। उक्त जस्तापाता प्रभावित घरधुरीलाई अस्थायी बसोबासका लागि तत्कालै वितरण गरिने सिग्देलले बताए।

संस्थाले पालिकालाई पहिलो चरणको कोरोना देखि हालसम्म खद्यान्न, स्वस्थ्य सामग्री, रोजगारी सिर्जना , जस्तापाता गरेर २७ लाख ५० हजार सहयोग गरेको अनुगमन तथा मुल्यांकन अधिकृत अरुण सेञ्चुरीले जानकारी दिए।

संस्थाले पालिकासँगको समन्वयमा लैंगिक तथा परिवार सवलिकरण परियोजना मार्फत वडा नं. ३ र ७ का १ सय ३० घरधुरीलाई आर्थिक सशक्तिकरण र पालिकाभर लैंगिक हिंसा विरुद्ध जनचेतना र सहजिकरणको काम गरिरहेको छ।

# बकर इदमा सार्वजनिक बिदा, मुस्लिम समुदायमा खुसीयाली

**इमरान खान/मध्यान्ह**
काठमाडौं ४ साउन



इस्लाम धर्मालम्बीको महान पर्व बकरा इदको अवसरमा सरकारले साउन ६ गते सार्वजनिक बिदा दिने भएको छ। सोमबार बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए। पहिला शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा मुस्लिम समुदायहरुको इद, बकरा इद तथा मोहम्मद डे यो तीनैवटा सार्वजनिक बिदा कटौती भएको थिएन। केपी ओली प्रधानमन्त्री हुँदा मुस्लिम समुदायहरुको सबै बिदा कटौती गरेका थिए। प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वको सरकारले मुस्लिम समुदायहरुको महान पर्व बकरा इद साउन ६ गते सार्वजनिक बिदा दिएकोले सम्पुर्ण मुस्लिम समुदायहरु खुशी भएका छन्।

# माइती नेपालद्वारा ५० घरपरिवारलाई नगदसहित खाद्यान्न सहयोग



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ४ साउन

माइती नेपाल नेपालगन्जले ५० घरपरिवारलाई नगद रकमसहित खाद्यान्न राहत वितरण गरेको छ। कैलाली जिल्लाको टिकापुर नगरपालिका वडा नं–८ सत्ती गाउँका महिला तथा बालबालिकालाई लक्षित गरी माइती नेपालले ५० घरपरिवारलाई नगद २ हजार ५०० का दरले रकम र खाद्यान्न राहत वितरण गरेको छ। राहत वितरण कार्यक्रममा सुदुरपश्चिम प्रदेश सभा सदस्य उमा वादीले हालसम्म पहिलो पटक यो समुदायमा यति धेरै मात्राको सहयोग भएको बताइन्।

माइती नेपालले सँधै महिला तथा बालबालिका लक्षित कार्यक्रम गर्दै आइरहेको छ। यो समुदायलाई लक्षित राहत वितरण गरेकोमा माइती नेपालसंस्थालाई प्रदेश सदस्य वादीले धन्यवाद दिएकी थिइन्।

उनले दुःखी चेलीका लागि आखिर माइती नै रहेको छ र माइतीको वास्तविकता व्यक्त गरिन्। सत्ती गाउँमा दैनिक ज्यालादारी गर्ने, यौन शोषणमा परेका, बिभिन्न रोगबाट ग्रसित भएका, अपाङ्गता भएका, अभिभावक बिहिन र बादी समुदायका महिला तथा बालबालिकालाईलक्षित गरी माइती नेपाल नेपालगन्जले ५० घरपरिवारलाई राहत वितरण गरिएको माइती नेपाल नेपालगन्जका संयोजक केशव कोइरालाले जानकारी गराए। संयोजक केशव कोइरालाले विभिन्न प्रकारको शोषणकाविरुद्ध सँधै सक्रिय रहेको उल्लेख गर्दै विभिन्न कारणले पछि परेकाको समेत हकहितका लागि माइती नेपालले सहयोग गर्दै आएको बताए।

प्रत्येक घर परिवारलाई चामल २५ किलो, दाल २ किलो, खाने तेल २ लिटर, चिउरा २ किलो, चना २ किलो, केराउ २ किलो, नून १ प्याकेट, चिनी २ किलो, चियापत्ती १ प्याकेट र सोयाबिन १ किलोसहित नगद २ हजार पाँच सय रुपैयाँका दरले राहत वितरण गरिएको थियो। निरन्तरको निषेधाज्ञाका कारण समस्यामा परेका परिवारले राहत पाएपछि साह्रै खुशी भएका थिए, आफुहरुलाई धेरै राहत भएको प्रतिक्रिया दिएका थिए।

# चिकित्सकद्वारा मेची अस्पतालको सेवा ठप्प




**कमला भट्टराई/मध्यान्ह**
झापा, ४ साउन

झापाको मेची अस्पताल भद्रपुरका चिकित्सकहरूले सोमबार बिहानदेखि सम्पूर्ण सेवा ठप्प पारेका छन्। अस्पतालका डाक्टरमाथि बिरामीका आफन्तले हातपात गरेको भन्दै चिकित्सकहरूले सम्पूर्ण सेवा ठप्प पारेको हुन्। चिकित्सकमाथि हातपात गर्नेलाई प्रहरीले पक्राउ गरी कानुनी कारबाही नगरेसम्म सेवा सञ्चालन नगर्ने चिकित्सकहरूको अडान छ।

आइतबार बेलुका करिब ५ बजे हल्दिबारीका पुष्पराज निरौलाले श्रीमती कञ्चनलाई उपचारका लागि मेची अस्पतालको आकस्मिक कक्षमा गएका थिए। आकस्मिक कक्षमा कार्यरत डा. केवल कपुरी र पुष्पराजबीच उपचारकै विषयमा विवाद भएको थियो। सोही विवादको क्रममा दुवै पक्षबीच हात हालाहाल भएको प्रत्यक्षदर्शीले बताएका छन्।

डाक्टरमाथि बिरामीको आफन्त पुष्पराजले हातपात गरेको भन्दै अस्पतालका सम्पूर्ण मेडिकल अधिकृतहरूले आइतबार साँझ नै विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरेका छन्।

'प्रहरीले आइतबार बेलुका घटनाको विषयमा जाहेरी लिन मानेनन्, त्यसैले यस्तो घटना फेरि डाक्टरमाथि दोहोरिन सक्छ, यस्तो जोखिमपूर्ण अवस्थामा अस्पतालमा हामी कामकाज अगाडी बढाउन सक्दैनौं,' विज्ञप्तिमा भनिएको छ, 'त्यसैले शान्तिपूर्ण रुपमा अस्पतालमा विरोध जनाउँदै दोषीलाई कानुनी कारबाही नभएसम्म हाम्रो विरोध जारी रहन्छ।'


यता घटनाको विषयलाई लिएर अस्पतालमा मेडिकल अधिकृतहरूसँग बिहान छलफल गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. टंकप्रसाद बाह्रकोटीले बताए। 'मेडिकल अधिकृतहरू विरोधमा उत्रिएपछि अस्पतालको सबै सेवा ठप्प छ। आकस्मिक कक्षको सेवा अस्पताल प्रशासन पक्षले रोकेको छैन,' उनले भने 'छलफलमा मेडिकल अधिकृतहरूको एउटै अडान छ। दोषीलाई कारबाही नभएसम्म सेवा दिँदैनौं।' छलफलपछि डा. केवल कपुरीलगायत केही मेडिकल अधिकृतहरू जिल्ला प्रहरी कार्यालय झापामा जाहेरी दिन गएको उनको भनाइ छ।

यता बिरामीका आफन्त निरौलाले भने भनाभनका क्रममा डा. केवलले आफूलाई 'खाते' भनेकाले हात हालेको स्वीकार गरे।

'श्रीमतीलाई सञ्चो नभएपछि उपचारका लागि मेची अस्पताल लगिएको हो। आकस्मिक कक्षमा डाक्टर थिएनन्, डाक्टर केवल कपुरी ४५ मिनेटपछि आए' निरौलाले भने 'त्यही विषयलाई लिएर डाक्टर कपुरीसँग केही भनाभन भयो। भनाभनकै क्रममा उनले मलाई खाते भनेपछि मैले नै सुरुमा हात हालेको हो। त्यसपछि डाक्टरले पनि मलाई हात हाले।'

निरौलाले अस्पतालभित्र डाक्टरमाथि हात हाल्नु आफ्नो गल्ती भएको स्वीकार गरेका छन्। तर एकजनाको गल्तीका कारण सम्पूर्ण बिरामीले सेवाबाट बञ्चित गराउनु नहुने उनको भनाइ छ।

# सरकारसामु डा.केसीका ५ बुँदे माग



**काठमाडौं/मस**–डा गोविन्द केसीले चिकित्सा शिक्षा सुधारका लागि विभिन्न ५ बुँदे माग राख्दै सरकारको ध्यानाकर्षण गराएका छन्। डा.केसीले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै स्वास्थ्य र मेडिकल शिक्षा क्षेत्रमा रहेका समस्या समाधानका लागि ५ बुँदे माग अगाडि सारेका हुन्।

डा.केसीले सरकार परिवर्तन भएपछि आफ्ना मागबारे जानकारी दिन र मेडिकल माफियालाई खबरदारी गर्न आवश्यक भएको बताए। उनले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भइरहेको आन्दोलनका सबै मागहरु पूरा गनुपर्ने उल्लेख गरेका छन्। भ्रष्टाचार प्रमाणीत भएका पदाधिकारीलाई तत्काल पदमुक्त गर्न, राजनीतिक भागबण्डाका आधारमा नभइ योग्यता र क्षमताका आधारमा पदाधिकारी नियुक्त हुनुपर्ने उनले बताए। २०८५ सालदेखि मेडिकल शिक्षा गैरनाफामूलक हुने भनेर चिकित्सा शिक्षा ऐनमा किटानी भएकाले नीति कार्यान्वयनको तयारी तत्काल गर्नुपर्ने, आफूसँग विगतमा भएका सम्झौताहरु कार्यान्वयन गर्नुपर्ने उनले बताए। उनले आफ्ना मागहरु पूरा नभए सत्याग्रहसहित आन्दोलनका कार्यक्रमहरु ल्याउन बाध्य चेतावनी दिए। यमनमा स्वास्थ्य सेवा गरी नेपाल फर्किएपछि डा.केसीले पत्रकार सम्मेलन गरेका हुन्।

# खैरो हेरोइनसहित वडाध्यक्ष पक्राउ

**पर्सा/मस**–पर्साको पकाहा मैनपुर गाउँपालिका- १ वडाध्यक्ष 'अम्बिका' भनिने अमेरिका सहनीसहित तीनजना लागुऔषध खैरो हेरोइन (ब्राउन सुगर) सहित पक्राउ परेका छन्।

प्रहरीले उनीसँगै रहेका वडा सदस्य ४० वर्षीय बलिष्टर सहनी र ५१ वर्षीय रामआदेश सहनीलाई समेत पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओम प्रकाश खनालले जानकारी दिए।

वीरगञ्जबाट पोखरियातर्फ जाँदै गरेका उनीहरूलाई साउन ३ गते राति साढे १० बजे वीरगञ्ज महानगरपालिका-१९ बाट इलाका प्रहरी कार्यालय पोखरियाको टोलीले नियन्त्रणमा लिएको हो।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक दीपक थापाका अनुसार वडाध्यक्ष अमेरिकाले चलाएको ना १ ब ३५९५ नम्बरको मोटरसाइकलको फिल्टर नजिकै ७९ ग्राम लागुऔषध खैरो हेरोइन फेला परेको थियो। उनीसँगै वडा सदस्य बलिष्टर ना ६२ प १९४२ नम्बरको मोटरसाइकल चलाएर पोखरिया जाँदैथिए भने राम आदेश वडा सदस्यको मोटरसाइकलको पछाडि बसेर आएका थिए।

प्रहरीले खैरो हेरोइन, मोटरसाइकलसहित नियन्त्रणमा लिएका तीनै जनाविरुद्ध लागु औषध मुद्दामा आवश्यक कारबाही शुरू गरिने जनाएको छ।

प्रहरीका अनुसार वडा सदस्य बलिष्टर १ वर्ष अधिमात्रै लागुऔषध गाँजा मुद्दामा धरौटीमा छुटेका थिए भने वडाध्यक्ष अमेरिका पनि विभिन्न गैरकानुनी तथा अपराधिक गतिविधिमा संलग्न भएको रेकर्ड प्रहरीसँग छ।

### नेपालमा...

अनुगमन गरेका थिए। देउवाले नेपाल अर्थोपेडिक अस्पताल, जोरपाटी, महाराजञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पतालस्थित कोभिड-१९ केन्द्रीय युनिफाइड अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पुगी निरीक्षण गरे।

प्रधानमन्त्री देउवालाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव लक्ष्मण अर्याल, युनिफाइड अस्पतालका कार्यकारी निर्देशक डा जागेश्वर गौतमले लगायतले अस्पतालका बारेमा जानकारी गराए। अमेरिकाले नेपाललाई १५ लाख ३४ हजार ८५० मात्रा जोन्सन एण्ड जोन्सन खोप कोभ्याक्स सुविधाअन्तर्गत यही असार २८ गते अनुदानमा उपलब्ध गराएको हो। सो खोपको एक मात्रा लगाए पुग्छ। यसअघि नेपालमा कोभिशिल्ड र भेरोसेल खोप लगाइएको थियो।

### ओलीको ...

बैठकलाई दशौं भनेका छन्। गएको २८ फागुनमा ओलीले दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटी गठन गरी त्यस पछाडि चार वटा केन्द्रीय कमिटी बैठक राखिसकेका थिए। तर २७ असारमा जुटेको दश बुँदे सहमतिअनुसार दशौं बैठक राखेको ओलीको भनाइ थियो। अर्थात् ओलीले पार्टी एकता गर्दा पनि माधव नेपाल बाहेकका नेताहरु मात्रै रहने संकेत दिएका छन्।

सोमबारको बैठकले प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिने २२ सांसदलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। प्रधानमन्त्रीलाई विश्वासको मत दिने नेता नेपाल सहित सांसदलाई कारवाही गर्ने जनाएको हो।

एमाले नेता प्रदीप ज्ञवालीले वरिष्ठ नेता नेपालसहितका सांसदले पार्टी विधिविधान र निर्णयविरुद्ध प्रधानमन्त्रीलाई मतदान गरेकाले स्पष्टीकरण सोधिएको बताए। आइतबार प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्दा एमालेका २२ सांसदले पार्टी निर्णयविरुद्ध विश्वासका पक्षमा मतदान गरेका थिए। बैठकले स्पष्टीकरण २४ घण्टाभित्र पेश गर्न भनिएको छ। स्पष्टीकरणका आधारमा कारवाही प्रक्रियाबारे निर्णय हुने ज्ञवालीले बताए।

"हामीले हिजो संसद्मा भएको समग्र घटनाक्रमलाई नेपालले हासिल गरेका अग्रगतिका प्रयासमाथि एक खालको धक्काका रुपमा लिएका छौं" उनले भने, "पार्टीका केही सांसदहरुले पार्टी निर्णयको अवज्ञा गर्दै फ्लोरक्रस गर्ने र प्रधानमन्त्री देउवालाई विश्वासको मत दिने जुन काम गर्नुभयो। पार्टी अनुशासनको दृष्टिले र कम्युनिष्ट आन्दोलन, जनताको भावनाका सबै दृष्टिले सर्वथा अनुचित, अनुशासनहिन र गलत कार्य भनेको छ।"

दश बुँदे सहमतिलाई स्थायी कमिटी बैठकले गरेको अनुमोदनलाई आज बसेको बैठकले पनि अनुमोदन गरेको छ। १० बुँदे सहमतिअनुसार नै पार्टीलाई एकताबद्ध बनाउने निर्णयसमेत बैठकले गरेको ज्ञवालीले बताए। "दश बुँदे अर्को पार्टीलाई मत दिऔं, पार्टीको निर्णय अवज्ञा नगर भनेको छैन", उनले भने।

असार २७ गते गरिएको १० बुँदे सहमतिका आधारमा नै आजको बैठक बसेको उनको भनाइ थियो। २०७५ जेठ २ गते पछिको निरन्तर अहिलेको बैठक भएको उनले बताए। जेठ २ गते नवौं बैठक डाकिएको थियो।

### कोरोना..

९६ जना, जापानबाट १३ हजार ९ सय २६ जना, भारतबाट ३९ हजार ३ सय १० जना, ओमानबाट ६ हजार १ सय ७८ जना र टर्की हुँदै १६ हजार ५ सय ३ जना स्वदेश फर्किएका छन्।


## साउदीमा रोजगार

१. कम्पनी: DEVELOPMENT AND COMPLETION OF TRADING COMPANY IS ONE PERSON COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०४/०४ — चलानी नं.: ६०१६०३३८ — L.T. No.: 242651

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Labor | 2 | 0 | | 1000 | ३१,७३० | | | | | | | |

२. कम्पनी: HIGH END MILL FACTORY FOR THE PRODUCTION OF SWEETS AND BREAD — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०४/०४ — चलानी नं.: ६०१६०३३७ — L.T. No.: 242627

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ASHWAQ SALMAN MUHAMMAD AL-SHANBEH FOUNDATION FOR SERVING MEALS — शहर: Dammam
पूर्व स्वीकृत मिति: २०७८/०४/०४ — चलानी नं.: ६०१६०३३६ — L.T. No.: 242630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plasterer | 2 | 0 | | 1200 | ३८,०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

# कोरोनाका कारण धरासायी बन्दै होटल व्यवसाय

**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, ४ साउन




विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड १९)को कारणले विश्वनै आक्रान्त परेको बेला होटल व्यवसाय पनि धरासायी बनेको छ ।

कोरोनाको नयाँ भेरियन्ट थपिँदै जाँदा निषेधाज्ञा पनि लम्बिदैं जान थालेपछि अघिल्लो लकडाउनबाट केही उठ्न थालेका होटल व्यवसायी पुनः थला परेका हुन् ।

लुम्बिनी प्रदेश सरकारले प्रदेशलाई आर्थिकहबको रुपमा विकास गर्ने भनेपनि निषेधाज्ञाकै कारणले होटल व्यवसाय तथा पर्यटन क्षेत्र निकै थला परेको यस क्षेत्रका पर्यटन व्यवसायी बताउँछन् । डेरामा बसेर व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरू पलाएन समेत भइरहेको व्यवसायीहरू बताउँछन् । मध्यम खालका होटलहरु पनि निकै समस्यामा छन् भने तारे होटलहरुलाई निकै मर्का परेको व्यवसायीहरू बताउँछन् । तारे होटलमा पुग्ने ग्राहकहरू अधिकतम विदेशी नै भएकोले विश्व नै सहज नहुँदासम्म तारे होटल सञ्चालनको लागि निकै गाह्रो भएका छन् ।

होटल संघ नेपालका पूर्वकेन्द्रीय अध्यक्ष तथा होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ रूपन्देहीका पूर्व अध्यक्ष माधव नेपालले लुम्बिनी प्रदेशमा होटलको संख्या बढिरहेको भएपनि सरकारले व्यवसायीलाई टिकाउने पहल गर्नुपर्ने बताउँछन् । उनले अघिल्लो पटकको कोरानाको समयमा कहालीलाग्दो अवस्थामा पुगेको स्मरण गर्दै यसपटकपनि चपेटामा परेको मध्यान्हलाई जानकारी गराए । उनले लुम्बिनी प्रदेशको रूपन्देहीमा राजधानी, अन्तर्राष्ट्रिय स्तरको सभाहल र विमानस्थलको कारणले धेरै होटलहरु सञ्चालनमा आएपनि राजधानी दाङ तोकिनु र कोरोनाले एकैपटक थिच्नुले व्यवसायीहरू पलाएन हुन सक्ने सम्भावना बढ्दै गएको बताए ।

उनले व्यवसायीहरूलाई यही पेशा व्यवसायमा स्थायित्व बनाउनको लागि सकारले पुनःउत्थान नीति ल्याउनुपर्ने बताउँदै यसो नभए पर्यटन क्षेत्रबाट धेरै पलायन हुने अवस्था आउने सम्भावना बढेको बताए । उनले नीतिमा बैकिङ सहुलियत कर्जा, कर छुट लगायतका कुराहरूलाई समावेश गर्नुपर्ने बताउँदै यसले भोलिको दिनमा होटल तथा पर्यटन व्यवसाय जोगिने बताए ।

पूर्वअध्यक्ष नेपालले अहिलेको अवस्थाबाट सामान्य अवस्थामा फर्किनका लागि समय लाग्ने बताउँदै तत्काल व्यवसाय सञ्चालन गर्न दिएपनि सामान्य बन्नको लागि न्यनतम पनि २ वर्ष लाग्ने बताए । उनले व्यवसायीलाई टिकाउनको लागि नीति ल्याउनु आवश्यक रहेको बताउँदै यो नै एकमात्रै विकल्प रहेको सुझाए ।

होटल संघ नेपालका केन्द्रीय सदस्य एवं ड्रिमल्याण्ड गोल्ड रिसोर्टका सञ्चालक गोपाल रानाले अन्य क्षेत्र सँगै पर्यटन क्षेत्र धरासायी बनेको बताउँछन् । उनले अघिल्लो निषेधाज्ञाको समयमा निकै समस्या भएको सम्झदै अहिले पनि पुनः त्यहि अवस्था भोग्नुपरेको बताए । उनले डेरामा भाडागरी व्यवसाय सञ्चालन गरेका व्यवसायीहरू पलाएन भइरहेको बताउँदै आफ्नै जग्गामा बसेर गर्नेलाई कर्मचारी तथा बैकं ब्याजले थिचिरहेको बताए ।

उनले देशलाई आर्थिक चलायमान नबनाउँदा सम्म कुनैपनि व्यवसाय अगाडि बढ्न नसक्ने बताउँदे त्यसतर्फ सरकारले ध्यान पुऱ्याउनुपर्नेमा जोड दिए । कोरोनाको उपचारमा सबैभन्दा अचुक औषधी भनेको खोप हो, यो खोप यथाशिघ्र ल्याएर देशको आर्थिक अवस्था चलायमान बनाउनु पर्दछ' रानाले भने 'होटल तथा पर्यटन व्यवसाय चल्नको लागि विश्वमानै आर्थिक चलायमान हुनु पर्दछ, तर नेपालमा त्यो भईरहेको छैन् ।'

उनले सरकारले अघिल्लो पटक दिने भनेको बिद्युत डिमाण्ड शुल्क छुटको कुरा कार्यान्वयन नभएको गुनासो गर्दै देशको अर्थतन्त्रमा होटल तथा पर्यटन क्षेत्रको सहभागिता उच्च रहेकोले सरकारले अझै केही सहुलियत दिनुपर्ने माग गरे । उनले अहिलेको नीति कार्यक्रम र बजेटले होटल तथा पर्यटन व्यवसायलाई उत्पादनमुलक उद्योगको सूचीमा दर्ता गर्न लाग्नु स्वागतयोग्य रहेको बताउँदै निर्णय र स्वीकृत गरेका कुराहरूलाई कार्यान्वयन गर्न सरकारलाई सुझाव दिए ।

होटल एशोसियसन नेपालका केन्द्रीय सदस्य, सिद्धार्थ होटल संघ अध्यक्ष एवं नान्स होटलका सञ्चालन चन्द्र प्रकाश शर्मा होटल व्यवसायी निकै मारमा परेको बताउँदै आउँदै गरेको मौद्रिक नीतिमा होटल तथा पर्यटन व्यवसायको क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

होटल तथा पर्यटन व्यवसायीलाई महामारीको अन्त्यपछि पनि बैक तथा वित्तिय संस्थाको सावा व्याज तिर्नका लागि न्यूनतम पनि २ वर्षको समय सिमा सरकारले बनाउन आग्रह गर्दै उनले यसो नभए अधिकतम होटलहरु लिलाम हुने अवस्था आउने बताए ।

विदेशमा सबै नागरिकले खोप लगाईसकेको पनि नेपालमा समस्या कायमै रहेकोले विदेशी पर्यटकहरु नेपाल नआउने हुँदा तारे होटलहरुलाई समस्या पर्ने बताए । उनले सरकारले यथाशिघ्र कोरोनाविरुद्धको खोप सबै नागरिकलाई व्यवस्थापन गर्नुपर्ने बताए ।

सरकारसँग छुटको माग गर्दा बजेटमा सम्बोधन गरेपनि कार्यान्वयन हुन नसक्दा निकै समस्या रहेको बताउँदै उनले सरकारले बोलेका कुराहरु कार्यान्वयन तहमा लैजानुपर्ने बताए । 'बिद्युत डिमाण्ड शुल्क छुट भन्यो सरकारले तर बिद्युतमा पैसा तिर्न जाँदा जरिवाना लाग्छ, छुटको कुनै पत्र आएको छैन भन्छ प्राधिकरण' उनले भने 'सरकारले छुट भन्ने कार्यान्वयन नहुने गर्दा हाम्रा व्यवसाय लिलाम हुने डर बढ्दै जान्छ ।'

# अन्ततः सऱ्यो यातायात कार्यालय, सुविधा सम्पन्न भवनबाट सेवा सुचारू

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ४ साउन



सुनसरीको इटहरीस्थित कोसी अञ्चल यातायात व्यवस्था कार्यालयले (सवारी चालक अनुमति पत्र) सुविधा सम्पन्न भवनबाट सेवा सुचारू गरेको छ । इटहरिको आपगाछिमा रहेको कार्यालय केहि दिन अघि मुख्य राजमार्गबाट दक्षिण २ किलोमिटर फराकिलो स्थानमा सरेको हो । यातायात कार्यालय सर्ने विषयमा सूचना जारी भएको डेढ महिना पछि इटहरी ८ स्थित बिजुली अफिस आसपास सरेको हो । कार्यालय सर्ने विषयमा लामो समयदेखि विवाद चल्दै आएपनि सुचना प्रकाशित भएको डेढ महिना पछि सरेको हो ।

निर्माणधिन ६ लेन राजमार्ग परियोजनाले पनि ठाउँ खालि गर्न अनुरोध गरेसँगै सो कार्यालय सर्ने विषयले चर्चा पाएको थियो । सूचना प्रकाशन अघि नै घर तयार पारेर लाखौं अनियमितता गरेको भन्दै आरोप समेत लाग्दै आएको छ । इटहरी ८ का वडाध्यक्ष रोहित चौधरीसँग मिलेर उनकै जग्गामा भवन बनाइ यातायात कार्यालय सारिएको आरोप छ ।

तर कार्यालयका अनुसार नियम प्रक्रिया अनुसार नै भवन सारिएको बताएको छ । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्रका कार्यालय प्रमुख प्रेमप्रसाद सापकोटासँग सम्पर्क गर्दा उनले भवन सार्ने विषयमा विवाद भएको स्वीकार गरे । तर अनियमिता भने कतैबाट नभएको दावी गरे ।

उनले गत जेठ ११ गते सूचना प्रकाशित गरि यातायातको कार्यालय सर्ने विषयमा जानकारीसहित टेण्डर आह्वान गरिएको जसमा ४ वटा टेण्डर परेको बताएपनि कुन-कुन कम्पनीको हो सो नाम खुलाउन चाहेनन् । उनले आफ्नै भवन निर्माण हुन अझैं डेढ वर्ष लाग्ने र ६ लेन परियोजनाले पनि राजमार्गको ठाउँ खालि गर्न पठाएको पत्रलाई मध्येनजर गर्दै उक्त कार्यालय फराकिलो ठाउँमा सारिएको बताए ।

मुख्य राजमार्गसँगै कार्यालय रहँदा पार्किङको समस्या, ट्राफिक व्यवस्थापनमा कठिनाइ, दैनिक दुर्घटनाको जोखिमसँगै सेवाग्राहीहरूले बेहोर्नुपरेको झण्झटलाई हेरेर कार्यालय सारिएको प्रमुख सापकोटाले बताए ।

यता फराकिलो ठाउँमा यातायात कार्यालय सरेपछि सेवा लिन आउने सेवाग्राहिहरू पनि दंग परेका छन् भने आसपासका क्षेत्रहरूमा स्थानीयको चहल पहल बढ्न थालेको छ । यातायात कार्यालय सो स्थानमा सरे लगत्तै व्यवसायिक सटर निर्माण हुने क्रम बढ्दो रहेको छ भने कोठा भाडा आफुखुसी बढाउन थालेको व्यापक गुनासो आएको छ ।

# एसईईको नतिजा अगावै भर्ना नलिन आग्रह

काठमाडौं/मस-काठमाडौं महानगरपालिकाले एसइईको परीक्षा नतिजा प्रकाशन हुनुभन्दा पहिले नै कक्षा ११ को भर्ना नलिन सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

महानगरपालिका शिक्षा विभागले सूचना जारी गर्दै विद्यालय शिक्षा व्यवस्थापन निमावाली २०७४ को नियम ४८ (६) मा भएको व्यवस्थाविपरीत कतिपय माध्यमिक विद्यालय र कलेजले शैक्षिकसत्र २०७७ को एसइईको परीक्षा नतिजा प्रकाशन नहुँदै कक्षा ११ को भर्ना नलिन सबै मावि कलेजलाई आग्रह गरेको हो ।

शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले जारी गरेको सूचनामा भनिएको छ, "कक्षा ११ मा भर्ना गर्दाको समयमा नै ११ र १२ मा विद्यार्थीसँग लिने शुल्क तोक्नुपर्ने, विद्यार्थीसँग रजिस्ट्रेसन दस्तुर, परीक्षा शुल्क लिँदा राष्ट्रिय परीक्षा बोर्डले तोकेको शुल्क मात्र लिनुपर्ने, विद्यार्थीलाई किताब, कपी, पोशाक र शैक्षिक सामग्री विद्यालयले भनेकै स्थानमा किन्नका लागि बाध्य नबनाउनु ।"

त्यसैगरी कक्षा ११ र १२ मा विद्यार्थीलाई दिइने सेवा र उनीहरुबाट लिइने शुल्क केकति हो यही साउन १५ गतेभित्र विभागलाई बुझाउनुपर्ने र कलेजले तोकेबमोजिम छात्रावृत्ति अनिवार्यरुपमा प्रदान गराउने तथा उक्त सुविधा पाउने विद्यार्थीको विवरण शैक्षिकसत्र शुरु भएको दुई महिनाभित्र विभागमा बुझाउन भनिएको छ ।

# कैलालीको भजनीमा निर्माणाधीन तटबन्ध बाढीले बगायो

**लक्ष्मण पाण्डेय/मध्यान्ह**
कैलाली, ४ साउन



कैलाली जिल्लाको भजनी नगरपालिकामा निर्माणाधीन तटबन्ध बगेको छ । नगरपालिकाको वडा नम्बर ३ स्थित कान्द्रा नदीको कुसुमघाटमा गत वर्षदेखि निर्माणाधीन अवस्थामा रहेको तटबन्ध बगेको हो ।

निर्माणमा चरम ढिलासुस्ती र प्राविधिक त्रुटिका कारण नदीमा आएको सामान्य बाढीले पनि तटबन्धको केही भाग भत्काएर बगाएको भजनी नगरपालिका-३ का वडाध्यक्ष विक्रम चौधरीले जानकारी दिए ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय धनगढीको डिजाइनमा भएको त्रुटि र निर्माण कम्पनीले गरेको ढिलासुस्तीले सम्पन्न हुन नपाउँदै तटबन्ध भत्काएको उनले बताए। डिभिजन कार्यालय र निर्माण कम्पनीले स्थानीय तहसँग कुनै समन्वय समेत नगरेको वडाध्यक्ष चौधरीको भनाइ छ ।

मानव बस्ती, दूर्गा माध्यमिक विद्यालय, बी.ओ.पी. कुसुमघाट सहितका क्षेत्र जोगाउन निर्माण गर्न थालिएको तटबन्ध नै भत्किएपछि उच्च जोखिममा परेको बताइएको छ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय धनगढीले निर्माण कम्पनीको ढिलाइले तटबन्धको केही भागमा क्षति पुगेको बताएको छ तर डिजाइनमा भने कुनै कमी नभएको कार्यालयको दाबी छ ।

### ९० घरपारिवारलाई स्वच्छता सामग्री वितरण

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं.२ याङ्गीका ९० घरपारिवारलाई स्वच्छता सामग्री बितरण गरको छ । असार १ मा याङ्ग्री र लार्के खोलामा आएको बाढीबाट प्रभावित परिवारलाई आइतबार स्वच्छता सम्बन्धी सामग्री वितरण गरिएको हो ।

पाँचपोखरी थाङ्गपाल गाउँपालिकासँगको सहकार्यमा उक्त समुदायमा विपद्को समयमा स्वास्थ्य सम्बन्धी कुराहरुलाई ध्यानमा राख्न अभिमुखीकरण सहित सामग्री हस्तान्तरण गरिएको संस्थाका कार्यक्रम संयोजक कुमार थापाले जानकारी दिए । समुदायमा धेरै खाद्यन्न उपलब्ध भएको तर महिलाको स्वास्थ्यलाई ध्यानमा राखेर प्रदान नरिएको यो पहिलो सामग्री भएको स्थालीय फुलमती तामाङले बताइन् । विपद्को समयमा महिला तथा किशोरीहरुका लागि यो धेरै उपयोगी हुने उनको भनाई छ ।

स्टार्ट फण्डको सहयोग, केएर नेपाल, पिपुल इन नीड र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा बाढी पहिरो विपद् प्रतिकार्य कार्यक्रम अर्न्तगत उक्त समुदायलाई स्वच्छता सम्बन्धी मञ्जन, साबुन, माक्स, सेनीटरी प्याड, तौलिया, स्येनीटाईजर, काँइयो लगायत सामग्री उपलब्ध गराईएको थियो ।

# पाल्पामा हराएका वृद्ध मृत फेला



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), ४ साउन

पाल्पाको रिब्दीकोट गाउँपालिका वडा नं १ ख्याहामा तीन दिन अघि देखि हराएका बृद्ध मृत अवस्थामा फेला परेका छन् । ख्याहा बस्ने ७० वर्षीय शालिकराम विक सोमवार बिहान मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । विक गत साउन १ गते देखि हराइरहेका थिए । घटनाको सम्बन्धमा अनुसन्धान कार्य जारी भइरहेको प्रहरीले बताएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०२/१४ मा दर्ता भएको **प्रा.लि. नं. ८०२८१** को **अस्पिरेशन ट्रेक्स नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०२/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगार** | कम्पनी : AL ZAEEM PROJECTS AND DEVELOPMENT CO. शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/३० चलानी नं.: ६०१५७१७२ LT. No.: 238898 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 20 | 0 | स.काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०, ९८१६९३५५३२
९८०८९६१७१२, ९८२३००३५३३, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: ORIGINAL TASTE शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/04/03 चलानी नं.: ६०१६०३२९ LT. No.: 242650

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स.काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ETIMAD MAINTENANCE AND OPERATION COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/04/03 चलानी नं.: ६०१६०३४५ LT. No.: 241633

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 50 | 0 | स.काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

3. कम्पनी: FATIMA MOHAMMED ALMANSOURI RESTAURANT शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/04/03 चलानी नं.: ६०१६०388 LT. No.: 242797

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cook | 1 | 0 | | 1400 | ४४,४२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

**Nasser Outsourcing Consultants (P.) Ltd.**
श्रम इजाजत नं.: ६१९/०६३/०६४ रुद्रेश्वर मार्ग, रातोपुल-९, काठमाडौं, नेपाल
फोन नं.: ४४६५०९० (6 Lines)/ ४४९८२११, फ्याक्स: ४४११९५०

**साउदी अरबमा रोजगारको अवसर**

१. कम्पनी : MANARAH AL-JUBAIL CONT. CO. LTD. शहर: Al-Jubail
पूर्व स्वीकृत मितिः २०७८/०४/०४ चलानी नं.: ६०१६०३४७ LT. No.: 242677

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver of All Road Mechanisms | 10 | 0 | स. काममा दक्ष | 2000 | ६३,४६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | LABOR | 15 | 0 | | 1000 | ३१,७३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १०, ११ र १२ गते (25,26 & 27 July 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Mob.: 9851146986, 9808932656, 9823862551, 9851095260, 9849476159
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com
श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२

**कतारमा रोजगार** | कम्पनी : MODERN CLEANING& TRADING COMPANT शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/३१ चलानी नं.: ६०१६०३१८ LT. No.: 241877

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १२ देखि २० गते सम्म (27 July to 4 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६

**साउदीमा रोजगार** | कम्पनी: GULF BWADI TRANSPORT CORPORATION. शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०२/३० चलानी नं.: ६०१६०३११ L.T. No.: 240751

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६९,८०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workers | 2 | 0 | | 1200 | ३८,०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**AMCON OVERSEAS PVT. LTD.**
Maharajgunj, Ganesbasti, Kathmandu, Nepal, Tel.: 01-4423945, 4422091
Fax: 01-4418581, E-mail: amcon_os@yahoo.com, amcon_os@hotmail.com

## सम्पादकीय

# देउवाका चुनौती

प्रतिनिसभामा २५ प्रतिशत पनि सांसद नरहेको नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री पदका निम्ति भारी मत पाएका छन् । सर्वोच्च अदालतको परमादेश पछि २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो दिन नै विश्वासको मत लिए । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले जनादेशबाट नभएर परमादेशबाट प्रधानमन्त्री नियुक्त भएको आरोप लगाएपनि देउवाले प्रतिनिधिसभामा १६५ मत पाए । जबकी प्रधानमन्त्री देउवालाई बहुमत पुऱ्याउन १३६ मत आवश्यक थियो । अर्थात् २०७४ को निर्वाचनपछि प्रधानमन्त्री नियुक्त ओलीले जतिकै मत देउवाले पनि पाएका छन् । वाम गठबन्धनबाट निर्वाचन लडेर प्रधानमन्त्री बनेका ओलीलाई त्यसबेला १७४ सांसद (नेकपा एमाले १२१ र माओवादी केन्द्र ५३) ले समर्थन गरेका थिए ।

ओली भन्दा देउवाले ९ मत मात्रै कम पाएका छन् । यो भनेको प्रतिनिधिसभाको ठूलो विश्वास हो । तर सँगै, देउवाका निम्ति यो चुनौती पनि हो । किनभने प्रतिनिधिसभामा काँग्रेसको ६१ मत मात्रै छ । १०४ सांसद अन्य दलका हुन् । त्यसमा ओली नेतृत्वकै नेकपा एमालेको २२ मत छ । बरिष्ठ नेता माधवकुमार नेपाल समूहले देउवालाई विश्वासको मत दिएका छन् । यस बाहेक नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) का ३२ र राष्ट्रिय जनमोर्चाका एक सांसदले देउवालाई विश्वासको मत दिएका छन् । ओलीले दुई पटक (५ पुस र ७ जेठ) भंग गरेको र सर्वोच्च अदालतले पुनर्स्थापना गरेको संसदलाई पूरा कार्यकाल टिकाउनु देउवाका निम्ति पहिलो चुनौती हो ।

अझ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको चतुरता, नेकपा एमालेको विवाद र जसपाको आन्तरिक कलहले जुनसुकै बेला देउवाले विश्वासको मत गुमाउन सक्छन् । अर्थात् संसद्मा बहुमत टिकाइरहन देउवा सदैव सचेत रहनुपर्नेछ । अझ मुलुक अहिले पनि असामान्य अवस्थामा छ । कोरोना महामारीको संक्रमणबाट झण्डै दश हजारले ज्यान गुमाइसकेका छन् भने अहिले पनि संक्रमण उल्लेख्य मात्रामा घटेको छैन । सबै नागरिकलाई कोरोना विरूद्धको खोप उपलब्ध नगराएसम्म नागरिक आक्रोश शान्त हुनेछैन । अतः राजनीतिक संकट जस्तै जनजीवनको समस्या सम्बोधनमा केन्द्रीत हुनुपर्नेछ । त्यसैले देउवाका निम्ति आफ्नो जीवनको पाँचौं पटकको प्रधानमन्त्री पद सफल बनाउन सजिलो छैन । त्यसका निम्ति देउवाले समन्वय, सहकार्य र सहमतिलाई प्राथमिकतामा राख्नुपर्नेछ । आमनागरिकको विश्वास पूरा गर्नुपर्नेछ ।

## सामाजिक सञ्जाल



मेरो व्यक्तिगत धारणा के भने ओलीले ५ बर्ष चलाउनुपर्थ्यो । यसमा मलाई कहिल्यै द्विविधा छैन । तर दुई तिहाईको बहुमत भएको प्रम आज बिपक्षमा पुग्नुमा पहिलो कारण दाहाल भएपनि प्रमुख कारण ओली आँफै हो । आज देशमा ओलीभन्दा पटमुर्ख मानिस अर्को देखिँदैन । यसमा ओलीको दम्भ र अहंकार नै प्रमुख कारण हो ।

- मुक्ति अर्याल



खोप लगाउने आजसम्म भएको कार्यक्रम कुनै पनि राम्रोसँग संचालन भएनन् । भिडभाड मै खोप लाउनेदेखि दिउँसै खोप सकिने, आफ्नो मान्छेहरूलाई अन्यको पालो मिचेर लगाउने, लाइन्मा बसेकालाई निराश बनाउने जस्ता कुरो नभएको सुनिएन । यसलाई कम गर्ने अनेक तरिका हुन सक्छन नि । बस, सञ्चालकले अलि मिहेनत गरिदिए ।

- मधुकर उपाध्याय



युवा पुस्तामा भरोसालाग्दो नेतृत्व क्षमता प्रदर्शन गरेका घनश्याम भुसाल र सुरेन्द्र पाण्डे जस्ता व्यक्तिहरू ऐजन मौकामा निश्चित मान्यतामा अडान लिन नसकेर स्खलित भएपछि पतनको दिशातर्फ उन्मुखभए भन्नुमा कुनै अत्युक्ति होला र !

- खेमराज रेग्मी



माधव नेपालको अडान, प्रचण्डको दृढ इच्छाशक्ति, उपेन्द्रको इमान्दारिता लाई मानैँ ! शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाएर लोकतन्त्र मात्रै बचाएनन्, नेपालको सार्वभौमिकता र स्वतन्त्रतालाई जीवन्तता दिएँ । अब कांग्रेसमा मर्ज भए राम्रो ।

- निर्मल प्रसाइँ



म चाहिँ संसद पाँच वर्षलाई टिकेकोमा खुशी छु । यो बीचमा सबैले आफूलाई हेर्ने मौका त मिल्नेछ । कम्तीमा लोभीपापी साइड लाग्छन् । आउने चुनावमा सहि व्यक्तिलाई टिकट दिनुपर्ने मान्यता स्थापित हुनेछ । सरकार अपजसे हो। यसमा देउवा अछुतो रहन्नन् । एमालेको निम्ति अर्लि चुनाव भन्दा डेढ वर्ष ठिक हुनेछ ।

- रमेश कँडेल

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

नेकपा (एमाले)ले पार्टी निर्देशन विपरित प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिने २२ सांसदलाई स्पष्टीकरण सोध्ने भएको छ । एमालेको १० औं केन्द्रीय समिति बैठकले माधव नेपालसहितका २२ सांसदलाई कारबाही प्रक्रियाको सुरुवात स्वरुप स्पष्टीकरण सोध्ने निर्णय गरेको हो । एमालेको बहुमत पक्षले गरेको यस्तो निर्णयका बारेमा मध्यान्ह दैनिकले पार्टी निर्देशन विपरित देउवाको पक्षमा मत दिने सांसद मध्येकी एक पार्वती विशंन्केलाई केहि जिज्ञासा राखेको छ । एमाले नेतृ एवं सांसद पार्वती विशन्केसँग गरिएको कुराकानीको सम्पादित अंश :

# 'पार्टी र संसद सिध्याउन खोज्ने ओलीलाई कारबाही हुनुपर्छ'

"कारबाही हामीलाई होइन् उहाँ (ओली)लाई गर्नुपर्छ । पटक-पटक सदन विघटन गर्ने अधिकार उहाँलाई छैन् । यो विषय अदालतले पनि स्पष्ट पारिसकेको छ । हामीले देउवालाई मत दिनु पनि यसैको जवाफ हो । पटक-पटक संविधानमा नभएको व्याख्या गरेर सदनमाथि प्रहार गर्ने व्यक्तिलाई जवाफ हो । पार्टी र संसद सिध्याउन खोज्नेमाथि कारबाही हुनुपर्छ । पार्टी कहाँ पुग्यो, यसको हिसाब हुनुपर्छ ।



पार्वती विशन्के, एमाले नेतृ एवं सांसद

**तपाईँहरूले पार्टी निर्देशन विपरित प्रधानमन्त्री देउवाको पक्षमा मत दिनुभयो । पार्टी निर्णय लत्याउँदै मत किन र केकालागि दिनुभएको ?**

गत वैशाख २७ संसद विघटन नगर्ने र संसदलाई पुनः सक्रिय बनाउने भनेर हामीले ओलीलाई मत दिएका थियौं । जसले पार्टी एकतालाई पनि अगाडि लैजान सहयोग गर्छ भन्ने बुझाई हाम्रो थियो । जनताले पनि ५ वर्षलाई भनेर दिएको मतअनुसार सदनलाई जोगाउनु पनि हाम्रो दायित्व हो । जनताले पनि कम्तिमा ५ वर्ष सदन टिकोस् भन्ने चाहेका थिए । जसअनुसार पार्टी अध्यक्षसमेत रहेका ओलीलाई हामीले सहयोग गरेका थियौं ।

तर, ओली जीले त्यो मतमाथि कुठाघात गर्नुभयो । जेठ ७ मा योजनाबद्ध रुपमा सदन विघटन गर्नुभयो । मैंले त्यो मत कुनै अवसरका लागि दिएकी थिइन् । कुनै बारगेनिङ पनि गरेर दिएकी थिइन् । म पहिलो पटक सांसद भएको कारण पनि मलाई संसदको माया सायद अरुभन्दा धेरै थियो । तर, ओलीजीले त्यो मेरो विश्वासलाई तोड्नु भयो । जसको कारण अहिले मैंले मत फेरेकी हुँ ।

ओली जीले संविधानको नै अपव्याख्या गर्दै सदन विघटन गर्नुभएको थियो । संविधान नै नमान्ने र संसदकै हत्या गर्न खोज्नेप्रति मैंले विश्वास गर्ने ठाउँ देखिन् । संविधान नै नमान्ने, कानुन नै नमान्ने लगाम बिनाको घोडाको पछाडि लाग्न सकिन्न ।

**त्यहि पार्टीको सांसद हुने अनि त्यहि पार्टीको निर्देशन विपरित मतदान गर्ने, यो मिल्ने विषय हो र ?**

हो तपाईंले उठाएको प्रश्न एउटा हिसाबले सहि छ । तर, बुझ्न आवश्यक छ, पार्टी भनेको कसैको पेवा वा विर्ता होइन् । यो सबैको



नेतृत्व क्रुर भयो भने त्यसको बेफाईदा के हुन्छ भनेर नेतृत्वले भोग्नु पनि पर्छ । म समानुपातिक सांसद हुँ, पार्टीले कारबाही गर्न मिल्दा, त्यति थाहा नपाएर मैंले भोट हालेकी होइन् । तर, कारबाही सबभन्दा पहिला कसलाई गर्ने समिक्षा हुनुपर्छ ।

योगदानबाट निर्माण भएको संस्था हो । त्यो संस्थाभित्र कसैले आफ्नो विवेक गुमाउनु पर्ने वा स्वतन्त्रता गुमाउनु पर्ने भन्ने हुन्न ।

अन्य देशमा भएका राजनीतिक अभ्यासमा पनि यस्ता घटना देखिन्नन् । भारत वा अमेरिकामा भएका राजनीतिक व्यवस्थामा पनि सांसदलाई विवेकको प्रयोग गर्न पाउने अधिकार दिएको देखिन्छ ।

अमेरिकाको तल्लो सिनेट र माथिल्लो सिनेटमा कतिपय अवस्थामा त्यस्ता घटना देखिन्छन् । सरकार अल्पमतमा छ भने सांसदले विवेकको प्रयोग गरेर बहुमत पुर्याईदिने गरेको देखिन्छ । कतिपय विधेयकमा सांसदहरु विवेकको प्रयोग गर्दा बाँडिएका पनि देखिन्छन् । सरकारले ल्याएको विधेयकमा सत्ता पक्षका सांसदले विरोध गर्ने तर विपक्षका कतिपय सांसदले ठिक हो भन्ने पनि स्थिति देखिन्छ । डोनाल्ड ट्रम्पलाई मत दिने विषयमा पनि त्यस्तो देखिएको थियो । उनी आबद्ध पार्टीकै सांसदले पनि उनलाई मत दिएका थिएनन् । हाम्रो संविधानको धारा ७६ (५) ले प्रष्ट रुपमा सांसदलाई स्वविवेकको अधिकार दिएको छ । जसलाई अदालतले पनि स्पष्ट रुपमा व्याख्या गरेको छ ।

**पार्टी र पार्टी अध्यक्षको निर्णयको कुनै महत्व हुँदैन् ? के सबै नेताहरू पार्टीको विधि र पद्धतिमा चल्नु पर्दैन् ?**

अहिले देखिएको लडाइँ सदनभित्रको लडाइँ हो । पार्टीभित्र पनि यसरी नै लडाइँ चल्नुपर्छ । यहाँ नेतृत्वमा छु भन्दैमा कुनै व्यक्तिले मनपरी लाद्न मिल्दैन् । नेतृत्वमा बस्नेले सबैका चाँसो चिन्तालाई सम्बोधन गर्ने गरि व्यवहार देखाउनुपर्छ । होइन् भने नेतृत्वको भूमिकाबाट बाहिरिनु पर्दछ । पार्टीलाई सामूहिक हितका लागि प्रयोग गर्नुपर्छ, कुनै व्यक्तिगत हितका लागि होइन् ।

**एमाले केन्द्रीय समिति बैठकले तपाईँहरूमाथि स्पष्टीकरण सोध्ने निर्णय पनि गरेको छ । यो सन्दर्भमा तपाईँहरूलाई कारबाही पनि होला । यो विषयलाई कसरी हेर्नुभएको छ ?**

कारबाही हामीलाई होइन् उहाँ (ओली)लाई गर्नुपर्छ । पटक-पटक सदन विघटन गर्ने अधिकार उहाँलाई छैन् । यो विषय अदालतले पनि स्पष्ट पारिसकेको छ । हामीले देउवालाई मत दिनु पनि यसैको जवाफ हो । पटक-पटक संविधानमा नभएको व्यवस्था ल्याएर सदनमाथि प्रहार गर्ने व्यक्तिलाई जवाफ हो ।

२०७४ साल नेकपा (एमाले)मा १२१ सांसद थियौं । पछि ०७५ मा नेकपा बन्दा १७५ भयौं । तर, अहिले फेरि देख्दा १२१ तर, कुन पक्षमा कति छौं त्यो सबैलाई थाहा छ । वैशाखमा ९३ देखिएको मत साउन आउँदा ८३ पुगेको छ । यो कसका कारणले ? के यो विषय हाम्रो हातमा छ ? कसले गरेर भएको हो, त्यो समिक्षा हुन पर्दैन् ?

नेतृत्वमा भएको हिसाबले ओलीजीले आवेगमा कारबाहीको निर्णय गर्नसक्नुहुन्छ तर, उहाँलाई भोली पछुतो हुनेछ । एमाले कहाँ पुग्यो, सरकार कसको हातमा पुग्यो, जनमतलाई कसरी उपेक्षा गरियो, यो सबैको हिसाब-किताब हुनुपर्छ ।

संविधानमै नभएका कुरा उहाँले गर्न मिल्ने, अनि हामीले संविधानमा भएअनुसार गर्न नमिल्ने भन्ने हुँदैन् । हामीले संविधानबमोजिम आफ्नो विवेक प्रयोग गरेका हौं । यो लोकतान्त्रिक व्यवस्थाको एउटा रुप पनि हो ।

**तपाईँहरू मध्ये कतिपयले तत्कालिन समय ओलीको कदमलाई स्वागत गर्दै वैशाख २७ मा मत दिन जानुभएको थियो । अहिले आएर मत परिवर्तन गर्नुभएको छ । कतिपयले प्रश्न उठाउँछन्, के जवाफ दिनुहुन्छ ?**

म कतै गएकी छैन् । म एमालेमै छु । हिजो पनि कतै थिइन्, आज पनि कतै छैन् ।


वैशाख २७ मा मैंले सदन जोगाउनलाई ओलीलाई भोट दिएकी थिएँ । लोकतन्त्रको लागि, दिगो शान्तिका लागि, स्थायित्वको लागि भनेर मैंले भोट दिएकी थिएँ । तर, विश्वासको मत नपाएपछि अरु आधार हुँदा हुँदै सदन विघटनको जसरी उपाय ओलीजीले खोज्नुभयो म त्यसको विरुद्धमा उभिएकी हुँ ।

नेतृत्व क्रुर भयो भने त्यसको बेफाईदा के हुन्छ भनेर नेतृत्वले भोग्नु पनि पर्छ । म समानुपातिक सांसद हुँ, पार्टीले कारबाही गर्न मिल्दा, त्यति थाहा नपाएर मैंले भोट हालेकी होइन् । तर, कारबाही सबभन्दा पहिला कसलाई गर्ने समिक्षा हुनुपर्छ ।

## संस्मरण

# जीवनपथका बिर्सन नसक्ने सहयात्रीहरू

कोरोनाकालले घरभित्र खुम्चिएर बस्ने स्थिति उत्पन्न गराएको छ । तर मस्तिष्क चलायमान छ । चञ्चल र गतिमान मनले यस अवधिमा आफ्ना विगतका दिनहरूको समीक्षा गर्न घचघच्याइरहन्छ । फलस्वरूप यस क्रममा जीवनमा प्राप्त सफलता-विफलता, मान-अपमान, हैंला-सम्मान, घोचपेच, छेडछाड र लाभ एवम् हानिका घटनाहरू पनि मस्तिष्कमा आइरहन्छन् ।



● प्रकाशप्रसाद उपाध्याय

संघर्षै संघर्षले भरिएको यस जीवन यात्रामा हामीले विभिन्न समयमा विभिन्न चरित्र, स्वभाव र उमेरका मानिसहरूको सम्पर्कमा आउनुपर्ने हुन्छ । र यस यात्राकालमा भेटिने यी विभिन्न प्रकारका मानिसहरूको व्यवहार पनि छुट्टा-छुट्टै हुन्छन्- सहायक, सद्भावनापूर्ण र कहिले अमर्यादापूर्ण । कोही बिर्सनेयोग्य त कोही सदैव स्मरणीय ।

जीवनको प्रारम्भिककालमा बा-आमाले डोऱ्याएर स्कूल पुऱ्याउँदा हामी शिक्षक र सहपाठीहरूको सम्पर्कमा आउँदछौं । कुनै-कुनै शिक्षक आजीवन स्मरणीय हुन्छन् भने केही सहपाठी । शिक्षार्जनको क्रम अगाडि बढ्दै जाँदा हाइस्कूल, कलेज र विश्वविद्यालय पुग्ने क्रममा पनि नयाँ मार्गदर्शक र सहपाठीहरूको सम्पर्क र प्रभावबाट अनुभव प्राप्त गर्दै ज्ञानवान् हुन्छौं र कमाई खाने क्रममा सेवामा प्रवेश गर्दा फेरि नयाँ संगति, नयाँ सम्पर्क । कोही स्मरणीय । अनुभव पनि थरि-थरिका । कहिले तीतो, कहिले मीठो, कहिले सुखद, कहिले विरक्तिपूर्ण । यसरी जीवनले प्राप्त गर्ने गतिमा विभिन्न खालको अनुभव र संघर्षले पनि स्थान ओगटिन थाल्दछन् । आकाशवृष्टिको वातावरण नभएको कार्यालय पर्दा अर्थाभावले पारिवारिक वातावरणको मिठास हराउन थाल्दछ र नयाँ कार्यालयको तलासले अवसादको वातावरण पनि उत्पन्न गर्दछ ।

जीवन-पथको यो यात्रा म मनुवाको निम्ति पनि अनेक अनुभवको पोको प्रमाणित भएको छ । कर्म क्षेत्रमा अग्रसर हुँदा यो बाटो सहज महसुस नभए पनि यस मार्गमा हिँड्दै गर्दा यस्ता अनेक अग्रज एवम् कनिष्ठ पात्रहरू भेटेँ, जसका सदभावनापूर्ण व्यवहारले मेरो निम्ति मलमको काम गरे, मेरो पीडा विस्मृतिको अङ्ग बन्दै गयो र नयाँ जोशले म अगाडि बढ्दै गएँ । फलस्वरूप मेरो ४६ वर्षको विदेश प्रवास सहज रूपमा बित्यो । र ४२ वर्षको सेवाकालबाट अवकाश पाएर निस्कने अवसर पनि सुखद रह्यो । नयाँ अनुभूति र उत्साहका साथ स्वदेश फर्के । तर, नौलो परिवेशको जीवनप्रति सशंकित पनि थिएँ । किनभने आफ्नै मातृभूमि, जन्मभूमि भए पनि नयाँ ठाउँका प्रायः जसो अनुहार अपरिचित । जिन्दगीमा अनेकपल्ट छलिएको र ठगिएकोले कसलाई पत्याउने, कसलाई नपत्याउने भन्ने भावले सशंकित पारिरहन्थ्यो । यस नयाँ गोरेटोमा पनि अनेक प्रकारका पात्रहरू भेटिए । सबैजना विभिन्न स्वभावका । तर साहित्य र पत्रकारिताको क्षेत्रका गोरेटामा हिँडने क्रमले मलाई अनेक साहित्यकार एवम् विभिन्न पत्र-पत्रिकाहरूका सम्पादक, उप-सम्पादक र सहायक सम्पादकहरूको नजिक पुऱ्यायो । कतै पारिश्रमिकको व्यवस्था थियो त कतै प्रकाशनको सुख प्रदान गर्ने नियम । म सबै स्थितिमा दङ्ग थिएँ । किनभने कतै देवी लक्ष्मीको कृपा भएको अनुभव हुन्थ्यो त कतै देवी सरस्वतीले प्रकाशनको हर्षका अतिरिक्त आशिर्वाद प्रदान गरेको अनुभूति । मनभित्रको संशय यसरी मेटिँदै जाने क्रममा भेटिए एकजना पत्रकार एवम् युवा राजनीतिककर्मी कुमार रञ्जित ।

गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहको नव जनवादी मोर्चाका उनी केन्द्रिय सदस्य र म पनि त्यसैसित संलग्न व्यक्ति । दुवै जना पत्रकार भएकोले होला नजिकिँदै गयौं, र विगत १५ वर्षदेखि मित्रका रूपमा भेटिरहन्छौं । कुमारले अनेक ठाउँमा पुऱ्याए, कतै मञ्चासीन गराए, कतै दर्शक भई बसेँ । यस अवधिमा नव जनवादी मोर्चाभित्रको यात्राकालमा त्यहाँका तत्कालीन सचिव शंकरलाल श्रेष्ठ र केन्द्रिय समिति सदस्य डा. मनोज कुमार सिंह (हाल सभासद, २ नम्बर प्रदेश) सितको भेटले पनि हामीलाई एकार्काको नजिक पाऱ्यो । डा. मनोज कुमार सिंह हाल मेरो निवास-स्थलकै नजिक बस्ने गरेकाले पारिवारिक मित्र नै बनेका छन् भन्दा अतिशयोक्ति नहोला ।

पत्रकारिताको क्षेत्र र पत्रकारिताको कार्यालयमा लेख पुऱ्याउने क्रममा राजधानी राष्ट्रिय दैनिकको विचार-सम्पादक अशोक सिलवालसितको भेट पनि मित्रताको बन्धनमा बाँधिन पुग्यो । एकजना लेखक, पत्रकार, सम्पादक र पर्यटन क्षेत्रमा प्रमुख स्थान बनाई देशको नाउँ पनि विदेशसम्म पुऱ्याउने अशोक सिलवालसित हाल कोरोनाकालका कारण भेट हुन नसके पनि फोनले विगत १२-१४वर्षको हाम्रो मित्रतालाई विस्मृतिको पाटो बन्न दिएको छैन ।

आफ्नो आत्मवृत्तान्त 'रेडियो जिन्दगी (अल इण्डिया रेडियोमा चार दशक)' को प्रकाशनको चाहनाले मलाई घोस्ट राइटिङ्का प्रबन्ध निदेशक कमल ढकालनजिक पुऱ्यायो । उनले सहर्ष पुस्तक प्रकाशित गरे र भृकुटी मण्डपको मैदानमा वि.सं. २०७१ सालमा पुस्तक विमोचन भयो । हाम्रो मैत्री सम्बन्ध आजपर्यन्त कायम छ । कुनै पारिवारिक समारोहमा मलाई आमन्त्रित गर्न उनी बिर्सँदैनन् । फोनद्वारा भलाकुसारी भइरहन्छ ।

यी सबैका बीच जीवनयात्रा गतिमान रहिरह्यो र केही यस्ता पात्रहरूलाई पनि भेट्न पाएँ, जससित म उनका कृतिहरूको माध्यम र नाउँले मात्र चिन्दथेँ । भेटघाट थिएन । भेट हुने सम्भावना पनि देखिरहेको थिइनँ । तर उनको नाउँले मलाई उनको सम्झना गराई रहन्थ्यो । 'को हुन् यिनी, भेट्न पाउने हो कि होइन' भन्ने भाव जागिरहन्थ्यो । किनभने उनको नाउँसित गाँसिएको उपनाममा केसीसित झा (ब्राइकेटमा) लेखिएको थियो । मानिसहरू उपनाममा 'व्यथित', 'व्याकुल', 'गोठाले,' 'सुमन' आदि-आदि लेख्दछन् तर यहाँ त झा पो छ । म हैरान हुन्थेँ । तर एक दिन गजबसित उनलाई भेटेँ नेपाल-भारत पुस्तकालयका अध्यक्ष महेश चन्द्र शर्माको कार्यकक्षमा । आफूभन्दा वरिष्ठ रहेको अनुभव हुँदा र हँसिलो एवम् उज्यालो अनुहार देख्दा मैले उनलाई अभिवादन गर्दै आफ्नो परिचय दिएँ । उनले पनि आफ्नो परिचय दिए । मैले भेट्न चाहेको व्यक्तित्वलाई यसरी अकल्पनीय रूपमा आफूसामु पाउँदा म दङ्ग परेँ र आफ्नो भाव प्रकट गर्दै भन्न थालेँ -'सरसित यो मेरो पहिलो भेट हो, तर तपाईंको एउटा कृतिको झलकले तपाईंसित भेट गराइसकेको थियो र त्यतिबेलादेखि नै तपाईलाई भेट्ने चाहना थियो । आज भेट्न पाएँ । खुसी लागेको छ ।'

बहुआयामीय व्यक्तित्वका धनी डा. इन्दुल केसी (झा)ले जीवनमा कति धन कमाए, त्यो त सोध्ने कुरै भएन, तर उनीबाट उपहारस्वरूप पाएका विभिन्न कृतिहरू पढ्दै गर्दा थाहा भयो - निष्ठाभावसित काम गर्दै सरकारी सेवाबाट निवृत्त डा. इन्दुल केसी (झा)ले बौद्धिक, यौगिक, शैक्षिक, साहित्यिक, धार्मिक र सामाजिक क्षेत्रमा अर्जन गरेका सम्पत्तिको अपार भण्डार रहेछ । झन् भजन गायनले त जीवनलाई सङ्गीतमय बनाउँदै त्यसमा पावनताको पनि सञ्चार गराइरहेको रहेछ । यसरी उनको जीवनको यस्तो कुनै क्षेत्र देखिनँ, जसमा उनले हात हालेर यश र जयजयकार प्राप्त गरेका नहुन् । यस्तो व्यक्ति समाजका मात्र नभई राष्ट्रका लागि समेत गौरवका पात्र हुन्छन् । र यस्तो व्यक्तिलाई आफ्नो जीवनयात्रामा भेट्दा मनलाई पनि असीम हर्ष प्रदान गरेको छ ।

कोरोनाकालले घरभित्र खुम्चिएर बस्ने स्थिति उत्पन्न गराएको छ । तर मस्तिष्क चलायमान छ । चञ्चल र गतिमान मनले यस अवधिमा आफ्ना विगतका दिनहरूको समीक्षा गर्न घचघच्याइरहन्छ । फलस्वरूप यस क्रममा जीवनमा प्राप्त सफलता-विफलता, मान-अपमान, हैंला-सम्मान, घोचपेच, छेडछाड र लाभ एवम् हानिका घटनाहरू पनि मस्तिष्कमा आइरहन्छन् । जीवन जत्ति लम्बिँदै जान्छ, पथ कण्टकमय, तनावयुक्त र संघर्षपूर्ण हुँदै जान्छ । जीवन-चक्र त झन रहस्यपूर्ण । यसले आगामी दिनहरूको यात्रामा कुन पक्ष (सुख र दुःखको अनुभव) लाई कति बेला प्रकाशमा ल्याउने हो, व्यथित पार्ने हो, कति बेला कुन रोगको सामना गर्न लगाउने हो, कस्ता-कस्ता पात्रलाई सहयात्री बनाउने हो, त्यस्तो पात्रलाई भेटाएर कस्तो अनुभव गराउने हो, केही थाहा हुँदैन । तर गीताको सार, 'जे होला, राम्रै हुनेछ' भन्ने उक्ति सम्झिँदै यात्रा जारी राखिराख्ने हो भने, कण्टकपूर्ण पथको यात्राकालमा भेटिने सत्पात्रका कारण पीडा पनि सहनीय हुँदो रहेछ ।

**(उपाध्याय वरिष्ठ सञ्चारकर्मी तथा लेखक हुन् ।)**

# बेलायतमा अधिकांश प्रतिबन्ध हट्यो, सावधानी अपनाउन प्रधानमन्त्रीको अपिल



**काठमाडौं/एजेन्सी–** बेलायतमा सोमबारदेखि कोरोना भाइरसको संक्रमण फैलन नदिन अपनाइएका धेरै जसो प्रतिबन्धात्मक कदमहरु हटाइए पनि बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले सावधानी अपनाउन अपिल गरेका छन् ।

आइतबार मध्यरातिदेखि नाइटक्लवहरुमा भिडभाड देखिएको थियो । मास्क लगाउनै पर्ने र सामाजिक दूरी पालना गर्नु पर्ने नियम हटाइएको छ, तर प्रधानमन्त्री जोनसनले आफ्नो र अरुको स्वास्थ्यबारे सचेत रहन आग्रह गरे।

त्यस्तै ट्रान्सपोर्ट फर लन्डनले भूमिगत रेल सेवा र बसमा यात्रा गर्ने यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने जनाएको छ। लन्डनका मेयर सादिक खानले भने, 'तपाईंले मास्क लगाउनु भयो भने म सुरक्षित हुन्छु र मैले लगाउँदा तपाईं । तयसैले यात्रा गर्दा मास्क लगाउन अनिवार्य छ ।'

स्कटल्याण्डमा पनि सार्वजनिक यातायात तथा पसलहरुमा मास्क लगाउन अनिवार्य गरिएको छ । बेलायतमा सोमबारदेखि विवाह र अन्तिम संस्कारमा सीमित व्यक्तिले मात्र सहभागिता जनाउन पाइने नियम हटेको छ। यस्तै स्टेडियम, कन्सर्ट, थियटर आदिमा पनि अब निर्वाध रुपमा प्रवेश गर्न पाइनेछ।

बेलायतमामा सोमबारदेखि लकडाउन हटाइए पनि त्यहाँ कोभिड १९ बाट संक्रमित हुनेहरुको दैनिक संख्या ५० हजार नाघेको छ । वैज्ञानिकहरुले आउँदो २ महिनामा यस्तो संख्या दैनिक २ लाख पुग्न सक्ने चेतावनी दिएका छन् । बेलायतमा ६८ प्रतिशत वयस्कहरुले दुवै मात्रा खोप लगाई सकेका छन् भने सरकारले १८ वर्ष नाघेका जो कोहीले पनि नजिकको खोप केन्द्रमा गएर खोप लगाउन सक्ने जनाएको छ ।

त्यस्तै खोप लगाउनेहरू बढ्दा र सङ्क्रमितहरू घटिरहँदा जुन महिनाको अन्त्यतिरबाट द नेदरल्यान्ड्सले प्रतिबन्धहरू हटाउन थालेको थियो। त्यहाँ मास्क लगाउन छाडिएको छ भने युवाहरूलाई घरबाहिर निस्किन प्रेरित गरिँदैछ। त्यसयता सङ्क्रमितहरू ह्वात्तै बढेर डिसेम्बरयताकै उच्च बिन्दुमा पुगे पनि खुकुलो व्यवस्थाले अस्पतालहरूमा उल्लेख्य चाप बढाएको छैन ।

तर स्वास्थ्य अधिकारीहरूबाट आलोचना बढेपछि प्रतिबन्धहरू हटाइएको दुई सातामै प्रधानमन्त्री मार्क रुटेले पुनः कैयौँ प्रतिबन्ध लगाएका छन् । रेस्टुराँ र बार मध्यरातसम्म मात्र खुल्न पाउँछन् भने नाइटक्लबहरू फेरि बन्द भएका छन्। प्रधानमन्त्रीले आफ्नो 'कमजोर मूल्याङ्कन'का लागि क्षमा मागेका छन्।

अन्य देशभन्दा फरक सङ्क्रमणसँग सङ्घर्ष गर्न स्वीडन स्वैच्छिक उपायमा भर परेको थियो। तर त्यहाँ रेस्टुराँ खुल्ने समय र भिडभाडसम्बन्धी नियमहरू पालना गरिएको थियो। त्यस्ता केही प्रतिबन्धहरू खुकुलो भइसकेका छन् । जुलाई १ देखि ३ हजार दर्शक क्षमताका खेल रङ्गशाला खुला भएका छन्। जुलाई १५ देखि थप प्रतिबन्धहरू हटाइएका छन् । वसन्त यामयता सङ्क्रमण निरन्तर घट्न थाल्यो। त्यसको जस कोभिड खोपको बढ्दो प्रयोग र न्यानो मौसमलाई अनि धेरैजसो मानिसहरू घरबाहिर जमघट गर्न थाले । तर डेल्टा भेरिअन्टको त्रासमाझ स्वीडन फर्किने धेरैजसो यात्रुहरूले अब कोभिड जाँच गर्नुपर्नेछ।

गत वर्षको धेरैजसो समय अस्ट्रेलियाले सीमित प्रतिबन्धहरू मात्र लगायो । लगातार शून्य सङ्क्रमण देखिएपछि उक्त देशमा मास्क लगाउनु आवश्यक परेको थिएन । प्रकोप देखा पर्नेबित्तिकै अधिकारीहरूले लकडाउन लगाउँदै सङ्क्रमणलाई शून्यमा झार्ने काम गरे। उदाहरणका लागि ज्यानुअरीमा पर्थमा एक जनामा सङ्क्रमण देखा परेपछि त्यहाँ पाँच दिन बन्द गरियो ।

मध्यजुनबाट सिड्नीमा डेल्टा भेरिअन्टको लहर देखा परेपछि देशको सबैभन्दा ठूलो सहरमा फेरि लकडाउन गरिएको छ । दैनिक १०० को हाराहारीमा सङ्क्रमित देखिएपछि सिड्नीको लकडाउन कम्तीमा जुलाई अन्तिमसम्म लम्बिने ठानिएको छ । त्यहाँ ९० प्रतिशतभन्दा धेरै मानिसले अझै खोप नलगाएका कारण सामान्य अवस्थामा फर्किन केही समय लाग्ने ठानिएको छ। अस्ट्रेलियामा विशेषतः फाइजरको कोभिड खोपको अभाव हुँदा धेरैजसो अस्ट्रेलियालीले यो वर्षको अन्तिमसम्म खोप लगाउन पाउनेछैनन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/०४/०५**

यस कम्पनीको मिति २०७८/०३/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **फल्स सिलीङ्ग हाउस एण्ड मोर प्रा.लि. (प्रा.लि. दर्ता नं.११०४९७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फल्स सिलीङ्ग हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **क्वालीटी इन्टरनेशनल कन्सलटेन्सी प्रा.लि.** (ई.प.नं. ४४९) ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ९** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।


## कतारमा रोजगार | कम्पनी: CUTE LILIES (FLOWERS, CHOCOLATES & GIFTS) शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७७/१२/१९ चलानी नं.: ६०१५६४७० LT. No.: 238139 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता म्यापावर कार्यालय काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.** (श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१, ९८१९३१९४४५, ९८२३२६२११८
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"

## कतारमा रोजगारको अवसर | कम्पनी: KHALID TRANSPORTATION शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/०६ चलानी नं.: ६०१५८८६३ L.T. No.: 241161 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,२३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Representative | 1 | 0 | | 2200 | ७१,४७८ | | | | | | | |
| 3. | Driver (Bike) | 8 | 0 | | 1700 | ५५,२३३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DHR** Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632, 01-5104634, E-maildestinydocumentation62@gmail.com

## साउदीमा बैदेशिक रोजगारको अवसर

१. कम्पनी : MOAZ ABDUL RAHMAN AL - LOHAYADAN TRADING EST शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७७/११/२५ चलानी नं.: ६०१५५२४१ LT. No.: 236976 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 7 | 0 | स. काममा दक्ष | 1800 | ५६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : LEHA FACTORY FOR FOOD PRODUCTS AND DATES शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०१/२० चलानी नं.: ६०१५८२९४ LT. No.: 240275 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 2 | 0 | | 1800 | ५७,११४ | | | | | | | |
| 3. | Forklift Driver | 2 | 0 | | 2500 | ७९,३२५ | | | | | | | |

३. कम्पनी : AL-MASAR AL-HADEETH CO.LTD. शहर : AL-MALAZ
पूर्व स्वीकृत मितिः २०७८/०१/०६ चलानी नं.: ६०१५७५९४ LT. No.: 239497 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 30 | 0 | | 1800 | ५७,११४ | | | | | | | |
| 3. | Driver of All Road Mechanisms | 8 | 0 | | 2500 | ७९,३२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## Saudi मा रोजगार Rig Energy Contracting Est.

पुर्व स्वीकृती मिति: २०७८/०४/०३ चलानी नं.: ६०१६०२७३ LT No.: 242453

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Whole Vehicle Driver | 06 | काममा दक्ष | 2200 | ६९,९५११- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि: शुल्क |

अन्तरवार्ता २०७८ साउन १२ गते ( 27 Jul. 2021) यस प्रा. लि. को कार्यालय मिनभवनमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १ आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम इजाजत नं. ११९/०७१/०७६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४४९५७४९

## कतारमा रोजगार | कम्पनी : CHAMPIONS CLUB HOSPITALITY AND CLEANING शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/04/01 चलानी नं.: ६०१६०२४० LT. No.:242358

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1200 | ३८,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन १२ गते (12 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Liberty H.R. Consultant Pvt. Ltd.**
Mahalaxmisthan-15, lalitpur, Nepal, Tel.: 5555945, 5555695
Email- info@libertyhrconsultant.com, Web.: www.libertyhrconsultant.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: AL AJWA HOUSE FACTORY FOR FOOD PRODUCTS शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/04/04 चलानी नं.: ६०१६०३३९ LT. No.: 241166

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PACKING AND WRAPPING WORKER | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ABYSS EASTERN CONTRACTING EST शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/01/05 चलानी नं.: ६०१५७५२३ LT. No.: 239313 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: DESHAN CONSTRUCTION CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/08/03 चलानी नं.: ६०१६0380 LT. No.: 242444

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver for All Road Mechanism | 7 | 0 | स. काममा दक्ष | 2500 | ७९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र २ रु. १०,०००/- क.नं. ३ नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.** Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

## कतारमा रोजगारको अवसर | कम्पनी : QATARI CONTRACTING CO. शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७७/१२/०९ चलानी नं.: ६०१५५९४६ LT. No.: 237568 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 5 | 0 | | 1200 | ३८,९८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १२ गते (27 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

